नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

**राष्ट्रिय पशु प्रजनन कार्यालय,**

पोखरा कास्की

# तरल नाइट्रोजन अपरेटर सेवा कार्यको लागी प्रस्ताव आव्हान

IFB No. **NLBO/NCB/C/80-81/02**

प्रथम पटक प्रकाशित मिति (२०८०।०४।३२ गते)

यस कार्यालयको आ.ब. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तरल नाइट्रोजन प्लाण्ट सञ्चालनको को लागी प्लाण्ट अपरेटर सेवा करारको लागि आधिकारिक रुपमा ईजाजत प्राप्त ईच्छुक फर्म, कम्पनि वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

१. मिति २०८०।०५।२९ गते सम्म कार्यालय समय भित्र कम्पनी वा फर्म नविकरण भएको इजाजत प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आ.व. २०७८।७९ वा आ.व. २०७९।८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी कार्यालय समय भित्र मर्मत गरिने शर्तहरु सहितको तपसिल बमोजिम बोलपत्र फारम रु. ३०००।— दस्तुर तिरेको बैक भौचर (फिर्ता नहुने) लिइ यस कार्यालयबाट खरिद गर्न सकिने छ।
कार्यालय कोडः ३१२०२३९०२, राजश्व शीर्षक नं. १४२२९

राजश्व खाता नं. १०००२०००१००००, बैकः राष्ट्रिय वाजिज्य बैक लि. पृथीचोक शाखा

२. खरिद गरिएको बोलपत्र फारम मिति २०८०।०५।३१ गते दिनको दिउसो १२।०० बजेसम्म यस कार्यालयमा दर्ता गर्राई सक्नु पर्ने छ।
३. दर्ता भएका बोलपत्रपत्रहरु मिति २०८०।०५।३१ गते दिनको २।०० बजे बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा कास्कीमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन। बोलपत्र खरिद तथा दाखिला दिन सार्वजनिक विदा परेमा सो काम क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।
४. बोलपत्रपत्र साथ तपसिलमा उल्लेख भए बमोजिमको यस कार्यालयको कोड नं. उल्लेख गरी धरौटी रकम को. ले. नि. का. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद जम्मा गरेको भौंचर वा मान्यता प्राप्त बैंक वा वित्तिय संस्थाबाट जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ९० दिन अबधि रहेको बिडबण्ड संलग्न हुनु पर्नेछ।
५. उपलब्ध गराउने सेवा TOR (सन्दर्भ सर्तहरू) अनुसारको हुनु पर्ने छ।
६. सिलबन्दी बोलपत्र फाराम भर्दा दररेट अंक र अक्षरमा स्पष्ट रुपमा लेखुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ। बोलपत्रदाताको नाम, फर्मको नाम, दस्तखत, मिति तथा छाप स्पष्ट हुनु पर्ने छ। रीत नपुगी आएका, म्याद नाघी आएको र कुनै शर्त राखिएको बोलपत्र स्वीकार गरिने छैन।
७. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।
८. यस बाहेक अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

| ठेक्का नं. | बिवरण | इकाई | परिमाण | लागत अनुमान मु.अ.कर वाहेक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| NLBO/NCB/C/2080-81/02 | तरल नाइट्रोजन प्लाण्ट सञ्चालन सेवा करार | जना | ३ | २२,१९,४६०।०० | ६३,०००।०० | |

**NLBO Chief**